लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# विद्यालय स्वास्थ्यकर्मी कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

**प्रस्तावना:** विद्यालय तहबाटै स्वस्थ जीवनशैली व्यक्तिगत सरसफाई, किशोर किशोरीको यौन तथा प्रजनन स्वास्थ्य सुधार, मानसिक स्वास्थ्य प्रवर्धन गरी विद्यालय स्वास्थ्यकर्मी कार्यक्रमलाई प्रभावकारी रुपमा व्यवस्थापन तथा सञ्चालन मार्फत विद्यालयमा स्वास्थ्यमैत्री वातावरण तयार गर्न वाञ्छनीय भएकाले लुम्बिनी प्रदेश विनियोजन ऐन २०८३ को दफा ११ को उपदफा (२) बमोजिम लुम्बिनी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले यो कार्यविधि तर्जुमा गरेको छ ।

## परिच्छेद-१
## संक्षिप्त नाम र प्रारम्भ

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "विद्यालय स्वास्थ्यकर्मी कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यक्रम" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन हुने विद्यालय स्वास्थ्यकर्मी कार्यक्रम सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले सामाजिक विकास डिभिजन कार्यालय सम्झनु पर्छ ।

(ग) "विद्यालय" भन्नाले कार्यक्रम लागू भएका जिल्लाका सामुदायिक माध्यमिक विद्यालय सम्झनु पर्दछ ।

(घ) "निर्देशनालय" भन्नाले शिक्षा तथा सामाजिक विकास निर्देशनालय, लुम्बिनी प्रदेशलाई सम्झनुपर्दछ ।

(ङ) "विद्यालय स्वास्थ्यकर्मी" भन्नाले विद्यालय स्वास्थ्यकर्मी कार्यक्रम अन्तरगत छनोट भएका स्वास्थ्यकर्मी सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले दफा ४ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ ।

३. <u>कार्यक्रम सञ्चालनको उद्देश्यः</u> (१) यस कार्यविधि बमोजिम संचालन हुने विद्यालय स्वास्थ्यकर्मी कार्यक्रम कार्यान्वयनका निम्न उद्देश्यहरु रहेका छन् ।

(क) विद्यालय तहबाटै बालबालिकालाई स्वस्थ जीवनशैली अपनाउन उत्पेरित गर्ने,

(ख) विद्यालयमा स्वच्छ सफा र सिकाईमैत्री वातावरण तयार गर्ने,

(ग) यौन तथा प्रजनन स्वास्थ्य, मानसिक स्वास्थ्य जस्ता विषयमा परामर्श सेवा प्रदान गर्ने,

(घ) प्राथमिक उपचार सेवा उपलब्ध गराउने,

(ङ) जटिल स्वास्थ्य समस्या देखिएका विद्यार्थीलाई उपयुक्त स्वास्थ्य संस्थामा पठाउन सहजीकरण गर्ने ।

४. <u>निर्देशक समितिः</u> (१) विद्यालय स्वास्थ्यकर्मी कार्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वयनका लागि नीतिगत मार्गदर्शन र समन्वय गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछः-

(क) सचिव, मन्त्रालय -संयोजक

(ख) महानिर्देशक, शिक्षा तथा सामाजिक विकास निर्देशनालय -सदस्य

(ग) निर्देशक, स्वास्थ्य निर्देशनालय -सदस्य

(घ) उपसचिव प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ङ) उपसचिव प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(च) संयोजकले तोकेको मन्त्रालयको अधिकृत कर्मचारी -सदस्य

(२) समितिले आवश्यकता अनुसार विषय विज्ञलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

५. <u>निर्देशक समितिको काम, कर्तव्य र अधिकारः</u> निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि प्राथमिकता निर्धारण, नीतिगत मार्गनिर्देशन, योजना तथा मापदण्ड तर्जुमा गर्ने,

(ख) कार्यक्रमको प्रभावकारीताका लागि अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने ।

६. <u>विद्यालय तथा स्वास्थ्यकर्मी छनोट समितिः</u> (१) कार्यक्रम सञ्चालन हुने विद्यालय छनोटका लागि देहाय बमोजिमको छनोट समिति रहनेछः

(क) डिभिजन कार्यालय प्रमुख संयोजक

(ख) जिल्ला स्वास्थ्य कार्यालयको प्रतिनिधि सदस्य

(ग) सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईको प्रतिनिधि सदस्य

(२) छनोट समितिले आवश्यकता अनुसार विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) छनोट समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

७. <u>छनौट समितिको काम, कर्तव्य र अधिकारः</u> छनोट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालय स्वास्थ्यकर्मी कार्यक्रम सञ्चालन गर्न चाहने विद्यालयहरुबाट प्राप्त आवेदनहरुको अध्ययन गर्ने,

(ख) कार्यविधिमा तोकिएका मापदण्ड अनुसार विद्यालयहरुको मुल्याङ्कन गर्ने,

(ग) छनोट समितिले सफल उम्मेदवारलाई नियुक्तिका लागि डिभिजन कार्यालयमा सिफारिस गर्ने ।

(घ) कार्यक्रमको प्रभावकारीता सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन गर्ने,

८. <u>विद्यालय छनोटका आधारः</u> (१) छनोट समितिले यस कार्यविधिको अनुसूची १ मा उल्लिखित आधार र मापदण्ड अनुसार विद्यालयको छनोट गर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय छनोट गर्दा कार्यक्रम सञ्चालन भैरहेका विद्यालयमा दोहोरो नपर्ने गरी विद्यालय छनोट गर्ने ।

९. <u>डिभिजन कार्यालयको भुमिकाः</u> (१) विद्यालय स्वास्थ्यकर्मीको छनोट, नियुक्ति तथा पदस्थापना लगायतका कार्यहरुमा डिभिजन कार्यालयको भुमिका देहायबमोजिमको रहनेछ ।

(क) कार्यक्रम लागू भएका जिल्लामा छनोट भएका सामुदायिक माध्यमिक विद्यालयका लागि विद्यालय स्वास्थ्यकर्मी छनोट गर्ने प्रयोजनका लागि सम्बन्धित डिभिजन कार्यालयले अनुसूची २ बमोजिमका योग्यता पुगेका व्यक्तिहरुबाट प्रचलित कानून अनुसार दरखास्त आह्वान गर्ने ।

(ख) आवदेन स्वीकृत गर्ने ।

(ग) विद्यालय तथ स्वास्थ्यकर्मी छनोट समितिको सहयोगमा छनोट गर्ने,

(घ) कार्यविवरणमा आधारित भै संझौता गर्ने,

(ङ) कामको अनुगमन, मुल्याङ्कन तथा प्रतिवेदनको कार्य गर्ने ।

**१०. पारिश्रमिक भुक्तानीः** (१) विद्यालय स्वास्थ्यकर्मीको पारिश्रमिक सम्बन्धित विद्यालय मार्फत भुक्तानी गर्नु पर्नेछ । विद्यालयले स्वास्थ्यकर्मीको पारिश्रमिक भुक्तानी माग गर्दा निजको हाजिरी प्रमाणित, तलबी भरपाई, मासिक प्रतिवेदन संलग्न गरी डिभिजन कार्यालयमा सिफारिस सहित पेश गर्नुपर्नेछ ।

(२) यस कार्यविधि बमोजिम सम्झौता गरिएका विद्यालय स्वास्थ्यकर्मीको पारिश्रमिक चौथो तहका लागि मासिक रू. २५,०००।- (अक्षरेपी पच्चिस हजार) र पाचौं तहका लागि २८,०००।- हुनेछ । तर आर्थिक वर्ष २०८१।८२ मा कार्यक्रम लागू भएका विद्यालय स्वास्थ्यकर्मीको हकमा यस सेवा निरन्तरताको लागि सम्झौता भएको भए पारिश्रमिक साबिक कै र शैक्षिक योग्यता पनि साबिक कै हुनेछ ।

**११. विदाः** (१) विद्यालय स्वास्थ्यकर्मीले प्रचलित कानून अनुसार पाउने घर बिदा, भैपरी, पर्व र बिरामी बिदा पाउने छन् । विदा प्रत्येक वर्षको चैत्र मसान्तभित्र खर्च नभएमा सञ्चित हुने छैन ।

(२) मृत्यु संस्कार बिदा एक पटकमा बढीमा पन्ध्र दिन पाउनेछ ।

(३) महिला कर्मचारीको हकमा निज प्रसूति हुने अवस्था भएमा प्रसूति हुनु अघि र पछि गरी बढीमा अन्ठानन्बे दिन प्रसूति बिदा पाउनेछ ।

**१२. क्षमता अभिवृद्धि कार्यक्रमः** (१) विद्यालय स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि तालिमको व्यवस्था आवश्यकता अनुसार डिभिजन कार्यलयले स्वास्थ्य कार्यालयसँगको समन्वयमा गर्न सक्नेछ ।

(२) विद्यालयले विद्यालय स्वास्थ्यकर्मीलाई आवश्यकता अनुसार क्षमता विकासका लागि सम्बन्धित तालिममा पठाउनु पर्नेछ ।

**१३. विद्यालय स्वास्थ्यकर्मीको काम, कर्तव्य र अधिकारः** (१) विद्यालय स्वास्थ्यकर्मीको काम, कर्तव्य र अधिकार देहायं बमोजिम हुनेछः

(क) विद्यालय स्वास्थ्यकर्मी कार्यक्रमको प्रभावकारी रुपमा सञ्चालनका लागि विद्यालय प्रधानाध्यापको समन्वयमा व्यवस्थापकीय कार्य गर्ने,

(ख) विद्यालय स्वास्थ्यकर्मीले स्वास्थ्य सम्बन्धी प्रवर्धनात्मक, प्रतिरोधात्मक र गुणस्तरीय पोषण खाजाका सम्बन्धमा विद्यालयका सरोकारवालाहरुलाई जानकारी गराउने,

(ग) छनोट भएका विद्यालयको अतिरिक्त आवश्यक परेको अवस्थामा स्थानीय तहले खटाएको अन्य विद्यालयमा समेत विद्यालय स्वास्थ्यकर्मीको रुपमा कामकाज गर्नु पर्ने,

(घ) विद्यार्थी/शिक्षक कर्मचारीलाई थप उपचार आवश्यक भएमा स्वास्थ्य संस्थामा पठाउन सहजीकरण गर्ने,

(ङ) विद्यालयमा लामो बिदा भएको अवस्थामा स्थानीय तहसँगको समन्वयमा नजिकैको स्वास्थ्य संस्थामा कामकाज गर्ने ।

**१४. विद्यालयको भूमिकाः** (१) विद्यालय स्वास्थ्यकर्मी कार्यक्रमका लागि छनोट भएका विद्यालयको भूमिका देहाय बमोजिम हुनेछः-

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

(क) कार्यालयबाट सिफारिस भई आएका विद्यालय स्वास्थ्यकर्मीलाई विद्यालयमा हाजिर गराई कामकाजमा लगाउने,

(ख) विद्यालयमा प्राथमिक उपचार सम्बन्धी सामग्रीहरुको उचित व्यवस्थापन गर्ने,

(ग) विद्यालय स्वास्थ्यकर्मीले गरेको कामको मासिक रुपमा प्रगति विवरण अनुसूची ५ अनुसार डिभिजन कार्यालयमा पठाउने ।

(घ) निर्देशक समितिले दिएका निर्देशनहरु पालना गर्ने ।

<u>१५. करार अन्त्यः</u> विद्यालय स्वास्थ्यकर्मीको कार्यसम्पादन सन्तोषजनक नभएको भनी सम्बन्धित विद्यालयले सिफारिस गरेमा डिभिजन कार्यालयले आवश्यक छानविन गर्दा कार्यसम्पादन सन्तोषजनक भएको नपाएमा त्यस्तो करार सम्झौता जुनसुकै समयमा रद्ध गरी निजलाई करार सेवाबाट हटाउन सक्नेछ । त्यसरी करार सम्झौता रद्ध गर्नु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

<u>१६. अनुगमन र मूल्याङ्कनः</u> कार्यक्रमको प्रभावकारिताको लागि मन्त्रालय, निर्देशनालय र कार्यालयले अनुगमन तथा मुल्याङ्कन गर्नेछ ।

<u>१७. बाधा अड्काउ फुकाउने अधिकारः</u> यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्दा कुनै बाधा अड्काउ उत्पन्न भएमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

<u>१८. अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेः</u> मन्त्रालयले आवश्यकता अनुसार अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ ।

<u>१९. प्रचलित कानून बमोजिम हुनेः</u> यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै बमोजिम हुनेछ । अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

<u>२०. खारेजी तथा बचाउः</u> (१) विद्यालय स्वास्थ्यकर्मी कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ र २०८२ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम भए गरेका कामकारबाही यसै कार्यविधि अनुसार भएको मानिनेछ ।

## अनुसुची १

### विद्यालय स्वास्थ्यकर्मी कार्यक्रम

### विद्यालय छनोट सम्बन्धी मापदण्ड

| क्र. सं. | विद्यालय छनोटका आधार | सुचक<br>पहाडमा | तराईमा | अंकको वर्गिकरण | कैफियत |
|---|---|---|---|---|---|
| १ | विद्यार्थी संख्या | ५०० भन्दा कम | ७०० भन्दा कम | १५ अंक | |
| | | ५००-७०० | ७००-१०० | २० अंक | |
| | | ७००-१००० वा सो भन्दा माथी | १०००-१२०० वा सो भन्दा माथि | २५ अंक | |
| २ | किशोरी संख्या प्रतिशत | ४० प्रतिशत वा सो भन्दा कम | | १५ अंक | |
| | | ४० प्रतिशत भन्दा माथी | | २५ अंक | |
| | | | | | |

१. संघ तथा स्थानीय तहबाट विद्यालय नर्स नियुक्ति नभएका र कार्यक्रम सञ्चालन नभएका विद्यालय ।

२. कुनै पनि निकाय तथा गैर सरकारी संस्थाबाट विद्यालय स्वास्थ्य तथा विद्यालय नर्स सम्बन्धी कार्यक्रम सञ्चालन नभएका विद्यालय ।

## अनुसुची २

### विद्यालय स्वास्थ्यकर्मीको योग्यता र छनोटका आधारहरु

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा HA/Staff Nurse कोर्ष उत्तीर्ण भएको

(ख) परिषद्मा दर्ता भएको

(ग) नेपाली नागरिक,

(घ) अठार वर्ष पूरा भई चालिस वर्ष ननाघेको र

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

| क्र. सं. | विवरण | पुर्णाङ्क (५०) | कैफियत |
|---|---|---|---|
| १ | शैक्षिक योग्यता वापत | बढीमा २० अंक | विशिष्ट श्रेणी २०, प्रथम १८, द्धितिय १५ र तृतीय १२ अंक |
| २ | अनुभव वापत | ५ अंक | प्रतिवर्ष १ वर्षका दरले |
| ३ | सम्बन्धित स्थानीय तहको भए वापत | ५ अंक | |
| ४ | सम्बन्धित जिल्लाको भए वापत | ३ अंक | |
| ५ | सम्बन्धित प्रदेशको भए वापत | २ अंक | |
| ६ | अन्तर्वार्ता वापत | १५ अंक | न्युनतम ३५ प्रतिसत र अधिकतम ७० प्रतिसत भन्दा बढी दिनु पर्ने भएमा कारण खुलाउनु पर्ने |

अनुसूची ३
दरखास्त फाराम

अनुसूची ७

करारको लागि दरखास्त फारामको ढाँचा

हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फारामको पर्ने गरी उम्मेदवारको दरखास्त

(क) व्यक्तिगत विवरण

<table>
<tr><td rowspan="2">नाम,थर</td><td colspan="2">देवनागरीमा :</td><td>लिङ्ग :</td></tr>
<tr><td colspan="3">अंग्रेजी ठुलो अक्षरमा :</td></tr>
<tr><td colspan="4">नागरिकता नं. :    जारी गर्ने जिल्ला:    मिति :</td></tr>
<tr><td rowspan="2">स्थायी ठेगाना</td><td>(क) जिल्ला:</td><td colspan="2">(ख) स्थानीय तहः</td></tr>
<tr><td>(ग) वडा नं.</td><td>(घ) टोलः</td><td>(ङ) मार्ग/घर नं.</td></tr>
<tr><td colspan="3">पत्राचार गर्ने ठेगाना :</td><td>इमेल :</td></tr>
<tr><td colspan="4">उम्मेदवारको जन्म मिति : (वि.सं. मा)    (ई.स्वि. संवतमा)</td></tr>
<tr><td colspan="3">हालको उमेरः</td><td>मो.नं.</td></tr>
<tr><td colspan="4">बाबुको नाम, थरः</td></tr>
<tr><td colspan="4">आमाको नाम,थर</td></tr>
<tr><td colspan="4">बाजेको नाम, थर :</td></tr>
</table>

(ख) शैक्षिक योग्यता र तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता र तालिम मात्र उल्लेख गर्ने)

| आवश्यक न्यूनतम योग्यता | विश्व विद्यालय र वोर्ड तालिम दिने संस्था | शैक्षिक उपाधि र तालिम | संकाय | श्रेणी/ प्रतिशत | मुख्य विषयहरु |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| तालिम | | | | | |

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

(ग) प्राथमिकताको आधारमा काम गर्न चाहेको ३ वटा विद्यालयहरुको नाम

| क्र.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| | | |
| | | |
| | | |

मैले यस दरखास्तमा खुलाएको सम्पूर्ण विवरणहरु सत्य छन्। दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला । उम्मेदवारले पालना गर्ने भनि प्रचलित कानुन तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लिखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर छु । साथै करारमा उल्लिखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समय भन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा एक महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

| उम्मेदवारको ल्याप्चे सहीछाप: | | उम्मेदारको दस्तखत: |
|---|---|---|
| दायाँ | वायाँ | मिति : |
| कार्यालयले भर्ने: | | |
| रसिद/भौचर नं.: | | रोल नं.: |
| दरखास्त अस्वीकृत भए सो को कारण | | |
| दरखास्त रुजु गर्नेको दस्तखत:<br>नाम:<br>मिति : | | दरखास्त स्वीकृत/ अस्वीकृत गर्नेको दस्तखत |

नोट: दरखास्त साथ सूचनामा उल्लिखित लगायत निम्न लिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नुपर्ने ।

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
२. समकक्षता र सम्बद्धता आवश्यक पर्नेमा सो को प्रतिलिपी,
३. न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी
४. चारित्रिक प्रमाणपत्रको प्रतिलिपी,
५. सम्बन्धित परिषदको लाईसेन्सको प्रतिलिपि,
६. सम्बन्धित स्थानीय तहमा बसोबास गरेको प्रमाण देखिने कागजातहरु जस्तै विवाह दर्ता, बसाइसराइ आदी ।

अनुसूची ४

## विद्यालय स्वास्थ्यकर्मीको कार्य विवरण

- विद्यालय स्वास्थ्यकर्मीले विद्यार्थीलाई प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक र प्रेषण सेवा उपलब्ध गराउने ।
- विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गरी आवश्यकतानुसार परामर्श र उपचारको व्यवस्था मिलाउने ।
- विद्यालयमा स्वास्थ्य कक्षको व्यवस्थापन गर्ने ।
- विद्यालय स्वास्थ्य कार्यक्रम संचालनका लागि नेतृत्वदायी भूमिका बहन गर्ने ।
- विद्यालय केन्द्रित स्वास्थ्य कार्यक्रमहरू प्रभावकारी रुपमा संचालन गर्ने गराउने ।
- विद्यालयको वातावरण सिक्ने र सिकाउने व्यवस्थाका लागि सुरक्षित एवं बालबालिका तथा किशोरकिशोरीमैत्री बनाउन सहयोग गर्ने ।
- विद्यालय स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि विद्यार्थीद्धारा विद्यार्थीलाई चेतनामूलक कार्यक्रम संचालन गर्ने ।
- विभिन्न स्वास्थ्य दिवसहरू प्रवर्धनात्मक र चेतनामूलक कार्यक्रम आयोजना गरी मनाउने व्यवस्था गर्ने ।
- विद्यार्थीलाई स्वस्थ राख्नको लागि अभिभावकसँग समन्वय गरी काम गर्ने ।
- विद्यार्थीलाई स्वस्थ जीवनशैलीसँग सम्वन्धित आचरण सिकाउनुका साथै सकारात्मक सोचको समेत विकास गर्न मद्दत गर्ने ।
- शिक्षक तथा विद्यालय कर्मचारीहरूको समय समयमा स्वास्थ्य परीक्षण,सामान्य उपचार र आवश्कतानुसार स्वास्थ्य संस्थामा प्रेषण गर्ने ।
- स्थानीय स्वास्थ्य संस्थासँग आवश्यक समन्वय गर्ने ।

अनुसूची ५

## सामाजिक विकास डिभिजन कार्यालय र विद्यालय स्वास्थ्यकर्मीबीचको सम्झौताको ढाँचा

लिखितम..... सामाजिक विकास डिभिजन कार्यालय (यसपछि प्रथम पक्ष भनिएको) र जिल्ला...........महानगरपालिका / उपमहानगरपालिका /नगरपालिका / गाउँपालिका वडा नं.... निबासी श्री............. (यसपछि दोश्रो पक्ष भनिएको) बीच मिति ..........मा भएको यस सम्झौता पत्र अनुसार देहायका शर्तको अधिनमा रही विद्यालय स्वास्थ्यकर्मीको रुपमा सेवा उपलब्ध गराउन दुवै पक्षको अधिकार प्राप्त अधिकारीको संयुक्त दस्तखत गरी सम्झौता गरी दुवै पक्षले एक एक प्रति दियौं लियौं ।

**सम्झौताका शर्तहरू**

१. विद्यालय स्वास्थ्यकर्मीको नियुक्ति गर्ने, तलब भत्ता, क्षमता विकास तथा अन्य सेवा सुविधा सम्बन्धी व्यवस्था प्रथम पक्षले गर्नेछ ।

२. विद्यालय स्वास्थ्यकर्मीको लागि आवश्यक पूर्वाधार प्रथम पक्षले मिलाउनुपर्नेछ ।

३. स्वच्छ खानेपानी, किशोर किशोरीमैत्री शौचालय, फोहोरमैला व्यवस्थापन, आवश्यक सामाग्री तथा उपकरणको व्यवस्थापन प्रथम पक्षले गर्नुपर्नेछ ।

४. प्रथम पक्षले महिना भुक्तानी भएको १० दिनभित्र दोस्रो पक्षलाई मासिकरुपमा पारिश्रमिक रू.२५,०००।— अक्षरेपी पच्चिस हजारका दरले भुक्तानी गर्नेछ । तर दोस्रो पक्षले महिनामा पाउनु पर्ने विदा भन्दा बढि विदा बस्नु परेमा (बाध्यात्मक अवस्था) दैनिक हुन आउने पारिश्रमिक अनुसार कट्टा गरी भुक्तानी गरिनेछ ।

५. दोस्रो पक्षले समय समयमा विद्यार्थीहरुको स्वास्थ्य परीक्षण, विद्यालयमा हुने स्वास्थ्य सम्बन्धी अभियान, सचेतना कक्षा सञ्चालनको प्रगति विवरण मासिकरुपमा प्रथम पक्षलाई उपलब्ध गराउनुपर्नेछ ।

६. दोस्रो पक्षले भैपरी, पर्व, विरामी, घर, प्रसुती र मृत्यु संस्कार विदा प्रचलित कानून अनुसार पाउनेछ । तर कुनै पनि विदा संचित हुने छैन ।

७. दोस्रो पक्षले विद्यालयको प्रधानाध्यापकको प्रत्यक्ष निर्देशनमा रही काम गर्नुपर्नेछ । साथै प्रतिवेदन मासिकरुपमा विद्यालयमा गर्नुपर्नेछ ।

८. दोस्रो पक्षले विद्यालयमा लामो विदा भएको अवस्थामा नजिकैको स्वास्थ्य संस्थामा सेवा दिन जानु पर्नेछ । सो को लागि आवश्यक समन्वय प्रधानाध्यापकले गर्नुपर्नेछ ।

९. दोस्रो पक्षले शिक्षक, विद्यार्थी, कर्मचारी, अभिभावक, समुदाय र अन्य सरोकारवालाहरूसँग उचित समन्वय र सहकार्य गर्नुपर्नेछ ।

१०.पदिय आचरणहरूको पूर्ण पालना गर्नुपर्नेछ ।

११. सर्तमा तोकिएका कुराहरुको उलङ्घन गरेमा, जिम्मेवारीको पालना नगरेमा वा प्रथम पक्षलाई चित्त बुझ्दो कार्यसम्पादन नगरेमा प्रथम पक्षले सम्झौता जुनसुनै बखत रद्द गर्न सक्नेछ ।

१२. दुवै पक्षको समझदारीमा शर्तहरू फेरबदल गर्न सकिनेछ ।

१३. सम्झौतामा उल्लेख नभएका अन्य सर्तहरू प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसूची-८

## मासिक प्रतिवेदनको नमुना

.................... महिनाको प्रतिवेदन

............स्थानीय तह | मितिः

विद्यालयको नामः | जम्मा विद्यार्थी संख्याः

विद्यालय स्वास्थ्यकर्मीको नाम,थरः | ठेगाना :

| क्र.सं. | क्रियाकलापहरु | संख्या | प्रतिशत (मासिक दर्ता भएको विद्यार्थीहरुको अनुपातमा ( | कैफियत |
|---|---|---|---|---|
| १ | आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्ने | | | |
| २ | विद्यार्थीहरुको सामान्य स्वास्थ्य परिक्षण | | | |
| ३ | विद्यार्थीहरुको BMI लिएको | | Underweight :<br>Normal :<br>Overweight: | |
| ५ | पोषण सम्बन्धी परामर्श | | | |
| ६ | सचेतना कक्षाहरु संचालन | | विषयवस्तुहरु बारे लेख्नुहोस् । | |
| ७ | विद्यार्थीहरुलाई प्रेषण गरिएको | | कहाँ गरिएको लेख्नुहोस् । | |
| ९ | पोषण स्वस्थ्य अवस्था सुधार भएको | | | |
| १० | अभियान सम्बन्धी कार्य गरेको | | | |
| ११ | स्वास्थ्य सम्बन्धी दिवसहरू मनाएको | | | |
| १२ | IFA वितरण | | | |
| १३ | Vit A वितरण | | | |
| १४ | जुकाको औषधी खुवाएको | | | |
| १५ | निशुल्क प्याड वितरण | | | |
| १७ | विद्यालयमा अभिभावकसँग विद्यार्थीको स्वास्थ्य सम्बन्धमा सल्लाह परामर्श गरेको | | | |
| १८ | अन्य कार्यहरु | | | |

पुनश्च : प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र सम्बन्धित विद्यालयमा बुझाउनु पर्नेछ । विद्यालयमा लामो विदा परेको अवस्थामा स्वास्थ्य संस्थामा काम गरेको विवरण विद्यालयमा पेस गर्ने । प्रतिवेदनमा अन्य थप कुराहरु पनि राख्न सकिनेछ ।